# प्रभाव दैनिक

National Daily

वर्ष ९ अंक ३१६ काठमाडौं शुक्रबार, ३ चैत २०७९ Prabhab National Daily Friday, March 17, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रु. ५।-



- सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं।
- भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं।
- सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं।
- अनधिकृत रूपमा सूचना प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सुपर घलेम्दी जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको

## सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/१२/०३)**

सुपर घलेम्दी प्रा. लि. ले गण्डकी प्रदेश म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ४ भएर बग्ने घलेम्दी खोलाको पानी प्रयोग गरी ९.१४ मेगावाट क्षमताको सुपर घलेम्दी जलविद्युत आयोजना प्रस्ताव गरेको छ। रन अफ रिभर (RoR) किसिममा निर्माण गरिने उक्त आयोजनाले घलेम्दी खोलामा ५ मिटर अग्लो बाँध बाँधेर ५.५ घनमिटर प्रति सेकेण्ड पानीलाई डिस्यान्डरसम्म पुऱ्याइनेछ। त्यहाँबाट पानीलाई ३८२० मिटर लामो हेडरेस पाइप र १० मिटर लामो पेनस्टक पाइपको सहायतामा विद्युतगृहमा झारिनेछ। पानीलाई उत्पादनका लागि प्रयोग गरिसकेपछि भने १० मिटर लामो टेलरेसको माध्यमबाट पुनःघलेम्दी खोलामा नै खसालिनेछ। उत्पादित विजुलीलाई भने ५ कि.मि. लामो ३३ के.भी.प्रशारण लाइनमार्फत नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको दाना सब-स्टेशनमा जोडिनेछ।

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची २ (नियम ३ सँग सम्बन्धित) को खण्ड च को २ (क) र खण्ड (क) को १२ अनुसार यस आयोजनाको प्रारम्भिक वातावारणीय परिक्षण गरिएको हो। यस प्रारम्भिक वातावारणीय परिक्षण प्रतिवेदन तयारीको सिलसिलामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान अनुरूप यो सुचना प्रकाशित गरिएको छ। यस सुचना मार्फत प्रस्तावित आयोजनाबाट प्रभावित हुने सम्बन्धित नगरपालिका तथा वडाहरू र सो वडाका सम्पूर्ण विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरू, स्थानीय महानुभावहरू साथै अन्य सबै सरोकारवालाहरू लाई निम्न मिति, समय र स्थानमा उपस्थित भई यस आयोजनाको प्रारम्भिक वातावारणीय परिक्षण प्रतिवेदन उपर छलफलमा सहभागी भई अमुल्य राय-सुझावहरू दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

| आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण | |
|---|---|
| प्रभावित प्रदेश | गण्डकी |
| प्रभावित जिल्ला | म्याग्दी |
| आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्रभावित हुने गाउँपालिका र तिनका वडा | अन्नपूर्ण गाउँपालिका वडा नं.४ |

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| | |
|---|---|
| मिति : २०७९/१२/१० गते, शुक्रबार<br>स्थान : अन्नपूर्ण यूवा क्लव भवन<br>अन्नपूर्ण गाउँपालिका वडा नं.४,<br>नारच्याङ्ग, म्याग्दी | समय : बिहानको १०:०० बजे |

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावक<br>सुपर घलेम्दी प्रा. लि.<br>मध्य बानेश्वर, काठमाडौं, नेपाल<br>फोन नं.०१-५५२०४६५<br>E-mail: superghalemdihydropower@gmail.com | परामर्शदाता<br>रिसोर्सेस ल्याब प्रा.लि.<br>नयाँ बानेश्वर, काठमाडौं<br>फोन नम्बर : ०१-५२४४३३३<br>E-mail: info@resourceslab.org |